उपराष्ट्रपति

काठमाडौं, नेपाल

उपराष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं, नेपाल

# एकजुट भई विपत्तीको सामना गरौं

रसुवाको भोटेकोशीमा भदौ १० गते बुधबार आएको आकस्मिक बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति भएको दुःखद समाचारले मलाई अत्यन्तै दुःखित र चिन्तित बनाएको छ।

यस विपत्तिमा अकालमै ज्यान गुमाउनु भएका नेपाली नागरिक, विदेशी पर्यटक तथा तीर्थयात्रीहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माहरूको चिरशान्तिको कामना गर्दछु । आफ्ना प्रियजन गुमाउनु भएका परिवारजनप्रति गहिरो समवेदना र हार्दिक सहानुभूति व्यक्त गर्दछु। विपत्तीमा परेकाहरुको उद्धार, बेपत्ता भएकाहरुको खोजी तथा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। घाइतेहरुको यथोचित उपचारका लागि सम्बन्धीत सबैमा हार्दिक आग्रह गर्दछु।

बाढीबाट प्रभावितहरुको उद्धार र सहयोगका लागि सरकार र सुरक्षाकर्मीहरु सक्रियताका साथ लागि परेका छन्। यस कठिन घडीमा सम्पूर्ण नेपालीहरु एकजुट भई अकल्पनीय विपत्तीको सामना गर्न र आ-आफ्नो स्तरबाट हरसम्भव सहयोग गर्न आग्रह गर्दछु।

यस कठिन घडीमा सम्पूर्ण नेपालीहरू एकजुट भई विपत्तीको सामना गर्न र आ-आफ्नो स्तरबाट सहयोग गर्न आग्रह गर्दछु। हामी एक-अर्काको सहारा र सहयोगी बन्नु नै हाम्रो सामूहिक कर्तव्य हो।

धन्यवाद।

२०८२ भदौ ११ गते, बिहीबार

ने.सं. ११४६ गुँलाथ्व, चतुर्दशी

**रामसहाय प्रसाद यादव**
उपराष्ट्रपति